# वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय

## छात्रवृत्ति व्यवस्थापन समितिको सूचना

"वैदेशिक रोजगारीका सिलसिलामा मृत्यु/अंगभंग/गम्भीर विरामी भएका कामदारको परिवारको सदस्यलाई छात्रवृत्तिमा पेशागत तालिम र डिप्लोमा तथा प्रवीणता प्रमाणपत्र तहको तीन वर्षे प्राविधिक शिक्षा प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७४" बमोजिम वैदेशिक रोजगारीका सिलसिलामा मृत्यु भएका, अंगभंग तथा गम्भीर विरामी भई वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट सत्प्रतिशत आर्थिक सहायता प्राप्त गरेका वा पाउन योग्य कामदारका परिवार (पति वा पत्नि, छोरा, छोरी, आमा, बुबा वा महिला कामदारको हकमा निजको सासू वा ससुरा) लाई लक्षित गरी वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट चालु आर्थिक वर्षमा प्रदान गर्न लागिएको नर्सिङ्ग (स्टाफ नर्स), इञ्जिनियरिङ्ग(मेकानिकल ओभरसियर), र कृषि (बाली विज्ञान) विधाको डिप्लोमा तहको तीन वर्षे अध्ययन छात्रवृत्तिका लागि देहाय बमोजिम हुने गरी इच्छुक योग्यताप्राप्त लाभग्राहीहरु मध्येबाट प्रथमपटक यो सूचना प्रकाशित भएको मितिले तीस दिनभित्र आवेदन माग गरिएको व्यहोरा सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| विज्ञापन नं. | छात्रवृत्तिको विधा | जम्मा सिट संख्या (खुला र समावेशी सहित) |
|---|---|---|
| १/२०७४।७५ | नर्सिङ्ग (स्टाफ नर्स) | ४० (चालीस) |
| २/२०७४।७५ | कृषि (बाली बिज्ञान) | ४० (चालीस) |
| ३/२०७४।७५ | इञ्जिनियरिङ्ग(मेकानिकल ओभरसियर) | ४० (चालीस) |

**उल्लेखित प्रत्येक विज्ञापन नम्बर एवम् छात्रवृत्तिको विधाका लागि तपसिलमा उल्लेख भएबमोजिम छात्रवृत्तिको सिट संख्या कायम गरिएको र सोही बमोजिम आवेदन गर्न हुन सम्बन्धित कामदारका परिवार समूहका सदस्यलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ ।**

| खुला तथा समावेशी समूह (प्रत्येक विधाका लागि) | वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट शत्प्रतिशत आर्थिक सहायता पाएका वा पाउन योग्य मृतक कामदारका परिवारका लागि | गम्भीर विरामी भई वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट सत्प्रतिशत आर्थिक सहायता प्राप्त गरेका वा पाउन योग्य कामदारका परिवारका लागि | अंगभंग भई वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट सत्प्रतिशत आर्थिक सहायता प्राप्त गरेका वा पाउन योग्य कामदारका परिवारका लागि |
|---|---|---|---|
| | सिट संख्या | सिट संख्या | सिट संख्या |
| खुला | १३ | ७ | २ |
| महिला | ३ | १ | १ |
| आदिवासी/जनजाति | २ | १ | १ |
| मधेशी | २ | १ | ० |
| दलित | १ | १ | ० |
| अपाङ्ग | १ | १ | ० |
| मुस्लिम | १ | ० | ० |
| पिछडिएको क्षेत्र | १ | ० | ० |
| जम्मा | २४ | १२ | ४ |

**<u>दरखास्त फारामको ढाँचा</u> :- सचिवालयको वेभसाइट www.fepb.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।**

**<u>दरखास्त फारामसाथ अनिवार्य संलग्न गर्नुपर्ने कागजातहरुको प्रतिलिपी</u> :-**

- ✓ नेपाली नागरिकताको प्रमाणपत्र,
- ✓ मृतक कामदार वा अंगभंग भई पूर्णरुपमा अशक्त कामदार वा गम्भीर विरामी कामदारसँग सम्बन्धित स्थानीय तहले गरिदिएको नाता प्रमाणित पत्र,
- ✓ मृतक/अंगभंग भई पूर्णरुपमा अशक्त/गम्भीर बिरामी कामदारको पासपोर्ट,
- ✓ समावेशी समूहमा आवेदन गर्ने आवेदकले सोको पुष्टि हुने सम्बन्धित निकायको सिफारिश पत्र (नोटः- पिछडिएको क्षेत्रमा आवेदन गर्ने उम्मेद्वारका हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, बझाङ, बाजुरा, मुगु, डोल्पा र हुम्ला जिल्ला मध्ये कुनै जिल्लामा स्थायी बसोबास गरी उल्लेखित मध्ये कुनै जिल्लाहरुबाट प्रवेशिका वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ),
- ✓ सम्बन्धित स्थानीय तहबाट उल्लिखित छात्रवृत्ति कार्यक्रममा सहभागिताको लागि गरिएको सिफारिश पत्र ।

**<u>दरखास्त फाराम बुझाउने स्थान तथा प्रकृया</u> :-** वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय, नयाँबानेश्वर, काठमाण्डौं अथवा सचिवालयको वेभसाइट **www.fepb.gov.np** मा **Scholarship** एप्लिकेसनमा गई त्यहाँ प्राप्त निर्देशन बमोजिमका विवरणहरु भरी दरखास्तका लागि आवश्यक सम्पूर्ण कागजातहरु स्क्यान गरी अपलोड गरेर समेत दरखास्त बुझाउन सकिनेछ ।

**<u>लाभग्राही छनोटको किसिम</u> :-** निर्देशिकामा उल्लेखित प्रावधान बमोजिम ।

**<u>आवेदन दिने अन्तिम मिति</u> :-** २०७४।१०।२४ गते बुधबार बेलुकी ५.०० बजेसम्म ।

**लाभग्राहीको आवश्यक न्यूनतम शैक्षिक योग्यता :-**

| प्रमाणपत्र तह नर्सिङ्गको हकमा | डिप्लोमा इन मेकानिकल इन्जिनियरिङ्गका हकमा | डिप्लोमा इन एग्रिकल्चर (बाली विज्ञान) का हकमा |
|---|---|---|
| **अक्षरांकन पद्धति लागू भएपछिका हकमा-** मान्यताप्राप्त शिक्षणसंस्थाबाट अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई SEE वा सो सरहको परीक्षामा कम्तीमा C ग्रेड प्राप्त गरी समग्र ग्रेड (Grade Point Average) मा GPA २ प्राप्त गरी उत्तीर्ण भएको हुनुपर्ने । **अक्षरांकन पद्धति लागू हुनुभन्दा अघिका हकमा-** मान्यताप्राप्त शिक्षणसंस्थाबाट अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई SLC वा सोरहको परीक्षामा कम्तीमा द्धितीय श्रेणीमा उत्तीर्ण भएको हुनुपर्ने । | **अक्षरांकन पद्धति लागू भएपछिका हकमा-** मान्यताप्राप्त शिक्षणसंस्थाबाट अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई गणित र विज्ञानमा न्यूनतम C ग्रेड र अंग्रेजी विषयमा न्यूनतम D+ ग्रेड प्राप्त गरी SEE वा सो सरहको परीक्षा उत्तीर्ण भएको हुनुपर्ने , **अक्षरांकन पद्धति लागू हुनुभन्दा अघिका हकमा-** मान्यताप्राप्त शिक्षणसंस्थाबाट अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई SLC वा सो सरहको परीक्षा उत्तीर्ण भएको हुनुपर्ने । | **अक्षरांकन पद्धति लागू भएपछिका हकमा-** मान्यताप्राप्त शिक्षणसंस्थाबाट अनिवार्य अंग्रेजी, गणित र विज्ञान मध्ये कुनै दुईवटा विषयमा न्यूनतम C ग्रेड र कुनै एक विषयमा न्यूनतम D+ ग्रेड प्राप्त गरी SEE वा सो सरहको परीक्षा उत्तीर्ण भएको हुनुपर्ने , **अक्षरांकन पद्धति लागू हुनुभन्दा अघिका हकमा-** मान्यताप्राप्त शिक्षणसंस्थाबाट अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई SLC वा सोरहको परीक्षा उत्तीर्ण भएको हुनुपर्ने । |

प्रवेश परीक्षाको मिति तथा परीक्षा केन्द्रको बारेमा दरखास्त फाराम बुझाउने अन्तिम मितिको एक हप्ताभित्र सचिवालयको वेभसाइट **www.fepb.gov.np** बाट सूचित गरिने छ ।